# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल

☎ : ५३२०२२,५३४८००(Ext. 112)
फ्याक्स : ९७७–२१–५२८४९१
पो.ब.नं. : १४२
इमेल : puoemgt@wlink.com.np


मिति : २०७५।१०।०८

श्री क्याम्पस प्रमुखज्यू,

**BE(Civil/Computer/E&C/Electrical/Geomatic/Biomedical), B. Architecture, BIT, BCA** अध्यापनहुने सम्पूर्ण क्याम्पस/कलेजहरू ।

### विषयः- परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।

पूर्वाञ्चल विश्वविद्यालयद्वारा विज्ञान तथा प्रविधि संकाय अन्तर्गत सञ्चालन हुने **BE. (Civil/ Computer / E&C/Electrical Geomatic/Biomedical), B. Architecture BIT/BCA** , प्रथम, तेश्रो पाँचौ **नियमित तथा आंशिक** र सातौ सेमेष्टर **नियमित** परीक्षाका लागि त्यस क्याम्पस/कलेजमा सम्बन्धित शैक्षिक कार्यक्रमको सम्बन्धित सेमेष्टरमा नियमित रूपमा अध्ययन गरी आन्तरिक मूल्याङ्कन परीक्षामा उत्तीर्ण भएका विद्यार्थीहरूलाई मिति २०७५।१०।२६ गते सम्म परीक्षा आवेदन फाराम भराई मिति २०७५।११।०३ गतेभित्र परीक्षा आवेदन फाराम र नियमानुसारको परीक्षा शुल्क र **सम्बन्धन शुल्क** वापतको रकम नबिल बैंक स्थित यस कार्यालयको **CALL A/C 0706010310803** मा जम्मा गरी सो को सक्कलै भौचर यस कार्यालयमा उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । सो मितिसम्म फाराम भर्न छुट भएकाहरुका लागि रू. ५००।- विलम्ब शूल्क लिई २०७५।११।०८ गते सम्म फाराम भराई २०७५।११।१० गते यस कार्यालयमा पठाई सक्नु पर्ने छ । तोकिएको मितिभन्दा पछि परीक्षा शुरुहुनु भन्दा **पन्ध्र** दिन अगाडी सम्म रु १००० बिलम्ब शूल्क लिई परीक्षा आवेदन फाराम भराई नियमानुसारको शूल्क साथ परीक्षा आवेदन फाराम पठाउन सकिनेछ । **उक्त मितिभन्दा पछि प्राप्त भएका परीक्षा आवेदन फाराम उपर कुनै कारवाही नगरी सोझै फिर्ता पठाईने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।**

**परीक्षा फाराम साथ विश्वविद्यालयलाई नियमानुसार वुझाउनु पर्ने सम्बन्धन शूल्क प्राप्त नभएमा परीक्षा आवेदन फाराम फिर्ता पठाइने छ ।**

परीक्षा आवेदन फाराम पठाउदा प्रत्येक सेमेष्टरका फारमलाई भर्ना समुह अनुसार अंग्रेजी वर्णानुक्रम **(Assending Order)** मिलाई वेग्ला वेग्लै फायलमा फाइलिङ्ग गरी परीक्षार्थी तथा शूल्कको विवरण समेत प्रत्येक फायलमा राखी पठाउनु पर्ने छ । यस प्रकार फाइलिङ्ग नगरी सोझै खाममा राखी पठाइएमा परीक्षा आवेदन फाराम फिर्ता पठाइने छ ।

पुनश्चः सम्बन्धित शैक्षिक कार्यक्रमको पाठ्यक्रममा तोकिएअनुसारको पूर्णाङ्कको क्याम्पस स्तरमा लिइएको आन्तरिक **मूल्याङ्कन परीक्षाको प्राप्ताङ्क अंग्रेजी वर्णानुक्रमानुसारको विद्यार्थीहरूको नाम भएको सिटमा उल्लेख गरी** विषय शिक्षकको हस्ताक्षर र सोमा क्याम्पसका प्राचार्यले प्रमाणित गरी क्याम्पसको छाप लगाई अन्तिम परीक्षा शुरू हुने मितिभन्दा कम्तिमा ७ (सात) दिन पूर्व समष्टिगत प्राप्तांक तालिका समेत तयार पारी यस कार्यालयमा उपलब्ध गराउन जानकारी गराइएको छ । सो अवधिमा आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क उपलब्ध नभएमा त्यस्ता विद्यार्थीहरूलाई परीक्षामा सामेल नगराइने व्यहोरासमेत अवगत गराएको छु ।

| क्र.सं. | विवरण | परीक्षा शुल्क |
|---|---|---|
| १. | परीक्षा शुल्क (नियमित) | रू. ११००।- प्रति विद्यार्थी |
| २. | परीक्षा शुल्क (आंशिक) | १ विषय रू. ५००।-<br>२ विषय रू. ८००।-<br>२ भन्दा बढी विषय रू. ११००।- |
| ३. | सम्बन्धन शुल्क (नियमित) | **BCA,BIT** ६०००।-प्रति विद्यार्थी<br>**BE. Computer** ८५००।- प्रति विद्यार्थी<br>**BE. Civil/E&C/Electrical/Geomatic/Biomedical, B. Architecture** ११०००।- प्रति विद्यार्थी<br>(माथि उल्लेखित सम्बन्धन शुल्क २०१६ **Batch** देखी मात्र लागु हुनेछ ) |

सह–परीक्षा नियन्त्रक

**नोट : सम्पूर्ण क्याम्पस / कलेजहरूले परीक्षा व्यवस्थापन कार्यालय विराटनगरमा सम्बन्धित क्याम्पस/कलेजका प्रतिनिधि मार्फत परीक्षा आवेदन फारामहरू बुझाउनु हुन जानकारी गराइन्छ । अन्य कुनै पनी माध्यमद्वारा पठाइएका परीक्षा आवेदन फारामहरू स्विकृत नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।**